नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ९] काठमाडौं, फागुन १० गते २०१६ साल (संख्या ४४

श्री ५ को सरकार

अर्थमन्त्रालयको सूचना

अर्थिक ऐन, २०१६ बमोजिम पानीमा कर लागेकोले उक्त करहरू असूल तहसील गर्न गराउन काठमाडौं , ललितपुर र भक्तपुरमा पानीकर अड्डा खडा गर्ने, श्री ५ को सरकारले मिति २०१६।९।२८।३ मा निर्णय गरेको छ ।

पानीकर नियमहरू, २०१६ को नियम ४ बमोजिम पानीकर बुझाउनु पर्ने व्यक्तिले आफ्नो इलाकाको पानीकर अड्डामा उक्त कर बुझाउन यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–
रामप्रसाद जोशी
श्री ५ को सरकारको सचिव,
अर्थमन्त्रालय ।

६५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थमन्त्रालयको सूचना

सदर टक्सारका इं. ईश्वरीमान प्रधान धनकुटामा रहेको पैसा टक्मरी मेशिनहरू जाँच्न ०१६।२।१६ मा जानु भएकोले निजको अनुपस्थितिमा सेा पदमा निजामती सेवा नियमावलीको परिच्छेद ८ को नियम २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल लेखिएको अधिकारीले मिति ०१६।२।१६ देखि मैटाजजिष्ट श्रीमहेन्द्रनरसिंह राणा-लाई कायम मुकायम मुकरर गरिएको मा. इ. ईश्वरीमान प्रधान फर्की मिति ०१६।३।३ देखि हाजिर भै आफ्नो कार्यभार सम्हाल्नु भएको छ।

रामप्रसाद जोशी
श्री ५ को सरकारको सचिव,
अर्थमन्त्रालय

६७०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।